नेपाल टेलिकम
(नेपाल दूरसंचार कम्पनी लिमिटेड)
# केन्द्रीय कार्यालय
## पदपूर्ति समितिको
सूचना नं.५।०७४।७५
प्रथम पटक प्रकाशित मिति २०७४।०६।०६

# खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाको दरखास्त आह्वान सम्बन्धी सूचना

नेपाल दूरसंचार कम्पनी लिमिटेडमा रिक्त रहेका पदहरूमा पदपूर्ति प्रक्रिया अगाडी बढाउन लोकसेवा आयोगबाट सहमति प्राप्त भए बमोजिम यस कम्पनीमा रिक्त रहेका निम्न लिखित पदहरूमा खुला प्रतियोगिताद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले निम्नानुसार योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट दरखास्त आह्वान गरिएको छ। यस कम्पनीबाट बितरण गरिने दरखास्त फारामको निर्दिष्ट स्थानमा आवश्यक विवरण भरी तोकिए बमोजिमका प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपि १/१ प्रति संलग्न गरि दरखास्त दस्तुर बापत बुझाउनु पर्ने रकम दरखास्त बुझाउने कार्यालयमा नै बुझाई सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र र दोब्बर दस्तुर तिरी अर्को ७ दिनसम्म (अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन ) काठमाडौं उपत्यकाको हकमा ललितपुर, पुल्चोक स्थित साझा यातायात भवनमा रहेको यस कम्पनीको ग्राहक सेवा केन्द्र र उपत्यका बाहिरको हकमा कम्पनीका क्षेत्रीय निर्देशनालयहरू बिराटनगर, बीरगंज, भैरहवा, नेपालगंज र अत्तरिया धनगढीमा दरखास्त बुझाउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै आवेदकहरूको सहजताको लागि कम्पनीको Website, www.ntc.net.np मार्फत Online System द्वारा दरखास्त दिन पाउने गरी आवश्यक व्यवस्था भइरहेको हुँदा यस सम्बन्धमा थप अर्को सूचना मार्फत विस्तृत जानकारी गराइनेछ।
रीत नपुगी, म्याद नाघि वा दरखास्त साथ संलग्न गर्नु पर्ने आवश्यक कागजातहरू संलग्न नभई पेश भएको दरखास्त उपर कुनै कारवाही हुने छैन।
**लिखित परीक्षा लोकसेवा आयोगबाट संचालन हुनेछ।**

| सि.नं. | विज्ञापन नं. | पद, | सेवा/समूह | तह | खुला र समावेशी पद संख्या | | | | | | | जम्मा माग पद संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | खुला | महिला | आदिवासी/जनजाती | मधेशी | दलित | अपाङ्ग | पिछडिएको क्षेत्र | |
| १ | ३३/२०७४/७५ | उप-प्रवन्धक (टेलिकम) | प्रा | ९ | १ | – | – | – | – | – | – | १ |
| २ | ३४/२०७४/७५ | उप-प्रवन्धक (लेखा) | प्र/ले | ९ | १ | – | – | – | – | – | – | १ |
| ३ | ३५/२०७४/७५ | बरिष्ठ ईन्जिनियर (टेलिकम) | प्रा | ८ | १ | – | – | १ | – | – | – | २ |
| ४ | ३६/२०७४/७५ | बरिष्ठ लेखा अधिकृत(चा.ए.) | प्र/ले | ८ | १ | १ | – | – | – | – | – | २ |
| ५ | ३७/२०७४/७५ | टेलिकम इञ्जिनियर ( इलेक्ट्रोनिक्स एण्ड कम्युनिकेशन ) | प्रा | ७ | ४ | १ | १ | १ | १ | | – | ८ |
| ६ | ३८/२०७४/७५ | टेलिकम इञ्जिनियर ( इलेक्ट्रीकल) | प्रा | ७ | १ | – | – | – | – | – | – | १ |
| ७ | ३९/२०७४/७५ | टेलिकम इञ्जिनियर ( कम्प्युटर) | प्रा | ७ | ३ | १ | १ | – | – | – | – | ५ |
| ८ | ४०/२०७४/७५ | ईन्जिनियर (सिभिल) | प्रा | ७ | १ | – | १ | – | – | – | – | २ |
| ९ | ४१/२०७४/७५ | ईन्जिनियर (आर्किटेक्ट, सिभिल) | प्रा | ७ | १ | – | – | – | – | – | – | १ |
| १० | ४२/२०७४/७५ | सहायक लेखा अधिकृत | प्र/ले | ६ | १ | – | – | | १ | | | २ |
| ११ | ४३/२०७४/७५ | सहायक व्यापार अधिकृत | प्र | ६ | १ | – | – | – | – | – | – | १ |
| १२ | ४४/२०७४/७५ | सहायक प्रशासकीय अधिकृत | प्र | ६ | १ | – | – | | – | – | – | १ |
| १३ | ४५/२०७४/७५ | टेक्निसियन (टेलिकम) | प्रा | ४ | ६ | २ | १ | १ | १ | | | ११ |

**आवश्यक न्यूनतम योग्यता:**

१. **उप-प्रवन्धक (टेलिकम) पदको लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट यस कम्पनीको सम्बन्धित सेवा समुहको अधिकृत स्तरको शुरू सेवा प्रवेशको लागि तोकिएको विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरी कुनै सरकारी सेवा वा अर्ध सरकारी संस्थान वा कम्पनी वा दूरसञ्चार सेवा प्रदायक/निकाय वा अन्तर्राष्ट्रिय संघ, संस्थाको र नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकको अधिकृत स्तरको पदमा ७ वर्षको कार्य अनुभव प्राप्त गरेको हुनुपर्नेछ। तर विद्यावारिधि स्तरको उपाधि प्राप्त गरेको उम्मेदवारको हकमा अनुभवको अवधि कम्तिमा ३ वर्षको हुनुपर्ने छ।
शुरू सेवा प्रवेशको लागि तोकिएको शैक्षिक योग्यता भन्नाले "मान्यता प्राप्त शिक्षण संस्थाबाट इलेक्ट्रोनिक्स एण्ड कम्युनिकेशन वा टेलिकम्युनिकेशन्स वा रेडियो वा Information Communication Technology वा Software वा Computer Hardware वा इलेक्ट्रिकल इन्जिनियरिङ्गमा स्नातकोत्तर उपाधि प्राप्त गरी नेपाल इन्जिनियरिङ्ग परिषदमा दर्ता भएको" भन्ने बुझिन्छ।

२. **उप-प्रवन्धक (लेखा) पदको लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट यस कम्पनीको सम्बन्धित सेवा समुहको अधिकृत स्तरको शुरू सेवा प्रवेशको लागि तोकिएको विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरी कुनै सरकारी सेवा वा अर्ध सरकारी संस्थान वा कम्पनी वा दूरसञ्चार सेवा प्रदायक /निकाय वा अन्तर्राष्ट्रिय संघ, संस्थाको र नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकको अधिकृत स्तरको पदमा ७ वर्षको कार्य अनुभव प्राप्त गरेको हुनुपर्नेछ। तर विद्यावारिधि स्तरको उपाधि प्राप्त गरेको उम्मेदवारको हकमा अनुभवको अवधि कम्तिमा ३ वर्षको हुनुपर्ने छ।
शुरू सेवा प्रवेशको लागि तोकिएको शैक्षिक योग्यता भन्नाले "मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्यशास्त्र वा व्यापार प्रशासनमा स्नातक तह उत्तीर्ण गरेको" भन्ने बुझिन्छ।

३. **वरिष्ठ ईन्जिनियर (टेलिकम) पदको लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट यस कम्पनीको सम्बन्धित सेवा समुहको अधिकृत स्तरको शुरू सेवा प्रवेशको लागि तोकिएको विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरी कुनै सरकारी सेवा वा अर्ध सरकारी संस्थान वा कम्पनी वा दूरसञ्चार सेवा प्रदायक /निकाय वा अन्तर्राष्ट्रिय संघ, संस्थाको र नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकको अधिकृत स्तरको पदमा ५ वर्षको कार्य अनुभव प्राप्त गरेको हुनुपर्नेछ। तर विद्यावारिधि स्तरको उपाधि प्राप्त गरेको उम्मेदवारको हकमा अनुभवको अवधि कम्तिमा ३ वर्षको हुनुपर्ने छ।
शुरू सेवा प्रवेशको लागि तोकिएको शैक्षिक योग्यता भन्नाले "मान्यता प्राप्त शिक्षण संस्थाबाट इलेक्ट्रोनिक्स एण्ड कम्युनिकेशन वा टेलिकम्युनिकेशन्स वा रेडियो वा Information Communication Technology वा Software वा Computer Hardware वा इलेक्ट्रिकल इन्जिनियरिङ्गमा स्नातकोत्तर उपाधि प्राप्त गरी नेपाल इन्जिनियरिङ्ग परिषदमा दर्ता भएको" भन्ने बुझिन्छ।

४. **वरिष्ठ लेखा अधिकृत(चा.ए.) पदको लागि** : मान्यता प्राप्त इन्स्टिच्युटबाट चार्टर्ड एकाउण्टेन्सी वा सर्टिफाइड पब्लिक एकाउण्टेन्सी परीक्षा उत्तीर्ण गरी प्रचलित नेपाल चार्टर्ड एकाउण्टेण्ट ऐन बमोजिम नेपाल चार्टर्ड एकाउण्टेण्ट संस्थामा दर्ता भएको।

५. (क) **टेलिकम इन्जिनियर (इलेक्ट्रोनिक्स एण्ड कम्युनिकेशन) पदको लागि** : मान्यताप्राप्त शिक्षण संस्थाबाट इलेक्ट्रोनिक्स वा टेलिकम्युनिकेशन्स वा इलेक्ट्रोनिक्स एण्ड कम्युनिकेशन्स वा इलेक्ट्रीकल एण्ड इलेक्ट्रोनिक्स वा रेडियो कम्युनिकेशन वा इलेक्ट्रिकल एण्ड कम्युनिकेशन वा सो सरहको विषयहरू मध्ये कुनै एक विषय लिई न्यूनतम इन्जिनियरिङ्ग (Bsc.Engg, B.E., B.Tech) स्नातक उपाधि प्राप्त गरी नेपाल इन्जिनियरिङ्ग परिषदमा दर्ता भएको।

(ख) टेलिकम इन्जिनियर (कम्प्युटर) पदको लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer वा Information Technology वा Information Communication Technology वा Computer Software वा Computer Hardware सो सरहको विषयहरू मध्ये कुनै एक विषय लिई न्यूनतम इन्जिनियरिङ्ग ( Bsc.Engg, B.E., B.Tech) स्नातक उपाधि प्राप्त गरी नेपाल इन्जिनियरिङ्ग परिषदमा दर्ता भएको।

(ग) टेलिकम इञ्जिनियर (इलेक्ट्रिकल) पदको लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट इलेक्ट्रिकल वा इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स वा इलेक्ट्रिकल एण्ड कम्युनिकेशन्स वा सो सरहको विषयहरू मध्ये कुनै एक विषय लिई न्यूनतम इन्जिनियरिङ्ग (Bsc.Engg, B.E., B.Tech) स्नातकको उपाधि प्राप्त गरी नेपाल इन्जिनियरिङ्ग परिषदमा दर्ता भएको।

६. **ईन्जिनियर (सिभिल) पदको लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा स्नातक उपाधि प्राप्त गरी नेपाल इन्जिनियरिङ्ग परिषदमा दर्ता भएको।

७. **ईन्जिनियर (आर्किटेक्चर, सिभिल) पदको लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट आर्किट्रेक्चर इन्जिनियरिङ्ग विषयमा स्नातक उपाधि प्राप्त गरी नेपाल इन्जिनियरिङ्ग परिषदमा दर्ता भएको।

८. **सहायक लेखा अधिकृत पदको लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्यशास्त्र वा व्यापार प्रशासनमा स्नातक तह उत्तीर्ण गरेको।

९. **सहायक व्यापार अधिकृत पदको लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्यशास्त्र वा व्यापार प्रशासनमा स्नातक तह वा अर्थशास्त्र, गणित वा तथ्यांकशास्त्र मध्ये कुनै एक मूल विषय लिई स्नातक वा सो सरह उत्तीर्ण गरेको।

१०. **सहायक प्रशासकीय अधिकृत पदको लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक वा सो सरह उत्तीर्ण गरेको।

११. **टेक्निसियन (टेलिकम) पदको लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. उत्तीर्ण गरी नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको दूरसञ्चार तालिम केन्द्रबाट ट्रान्समिशन, आउटसाइड, पावर, स्विचिङ्ग वा टेलिकम टेक्निसियनको तालिम प्राप्त वा नेपाल सरकारबाट मान्यता प्राप्त प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद(CTEVT) बाट ट्रान्समिशन, आउटसाइड, पावर, स्विचिङ्ग वा टेलिकम टेक्निसियन विषयमा Level 2 को सिप परिक्षणमा उत्तीर्ण भएको।

**द्रष्टव्य:**

(क) उमेरको हद : दरखास्त दिने अन्तिम मिति सम्ममा सहायक स्तरको पदको लागि १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेका र अधिकृत स्तरको पदको लागि २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्ने छ। महिला उम्मेदवारको हकमा ४० वर्ष ननाघेको हुनुपर्ने छ। बहालवाला स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन।

(ख) दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन।

(ग) लिखित परीक्षामा सहयोगी लेखक माग गर्ने उम्मेदवारले परीक्षा शुरू हुनु भन्दा कम्तीमा ७ (सात) दिन अगावै सम्पर्क राख्नु पर्नेछ। अन्यथा सहयोगी लेखक उपलब्ध गराउन बाध्य हुने छैन।

(घ) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनुपर्ने र शैक्षिक योग्यता प्रदान गर्ने निकाय वा विश्वविद्यालयबाट प्राप्त हुने प्रमाणपत्र र लब्धाङ्क विवरण, ट्रान्सक्रिप्ट प्राप्त गरिसकेको हुनुपर्नेछ। तर नेपालका विश्वविद्यालयहरूबाट निर्धारित शैक्षिक योग्यता पुरा गरी निर्धारित पदमा आवेदन दिने उम्मेदवारहरूले सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिन सम्म दरखास्त साथ पेश गर्नुपर्ने न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र वा लब्धाङ्क विवरण पत्र (ट्रान्सक्रिप्ट) समयावधिको कारणले पेश गर्न नसक्ने उम्मेदवारहरूको हकमा, यदि उक्त सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिन भित्र सम्बन्धित विश्वविद्यालयबाट परीक्षाफल प्रकाशित भईसकेको रहेछ र सो पुष्ट्याई हुने गरी सम्बन्धित विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धित विद्यार्थीले सो अवधि भित्र उक्त उपाधिको सबै परीक्षाहरू उत्तीर्ण गरिसकेको (सबै वर्ष/सेमेष्टरका परीक्षा, थेसिस, प्राक्टिकल र अन्य आवश्यकता पूरा गरिसकेको व्यहोरा) भन्ने विवरण सहितको पत्र र सबै सेमेष्टरको लब्धाङ्कपत्र पेश गरेमा त्यस्ता उम्मेदवारको न्यूनतम योग्यता पुरा भएको मानिनेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ।

(ङ) परीक्षार्थीले परीक्षामा कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

(च) विज्ञापित पद संख्याको आधारमा कम्पनीको विनियमावलीमा व्यवस्था भए बमोजिम कम्तिमा एक जना र बढीमा २० प्रतिशत उम्मेदवारलाई प्रतिक्षा सूचीमा राखिने छ।

(छ) पाठ्यक्रमहरू यस कम्पनीको Website: www.ntc.net.np बाट प्राप्त गर्न सकिने छ।

**समावेशी समूहतर्फ दरखास्त दिंदा उम्मेदवारहरूले तयार गर्नु पर्ने थप कागजातहरू** :
समावेशी समूहतर्फका विज्ञापनहरूमा दरखास्त दिन चाहने उम्मेदवारहरूले दरखास्त दिने समयमा देहाय अनुसारका कागजातहरू तयार गरेर मात्र दरखास्त दिनु पर्दछ। उल्लेखित कागजातहरू नभएमा जुनसुकै समय दरखास्त रद्द हुन सक्नेछ।

(क) आदिवासी/जनजातिका हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

(ख) मधेसीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको कागजात, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराएको कागजात।

(ग) दलितका हकमा राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

(घ) अपाङ्गका हकमा स्वीकृत चिकित्सकको सिफारिशमा समाज कल्याण परिषद्‌बाट अपाङ्गता प्रमाणित गरेको परिचयपत्र।

(ङ) पिछडिएको क्षेत्र भन्नाले नेपाल दूरसञ्चार कम्पनी लिमिटेड कर्मचारी विनियमावली २०६१ को उपविनियम (७) को स्पष्टीकरणको खण्ड (क) मा उल्लेख भएका अछाम, कालिकोट,जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु र हुम्ला जिल्लामा स्थायी बसोवास गरेका नागरिकहरूलाई बुझाउने छ। ती जिल्लामा स्थायी बसोवास गर्दै आएका नागरिकहरूले सम्बन्धित जिल्लाबाट प्राप्त गरेको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी तथा दरखास्त फाराम बुझाउने दिन भन्दा ३ महिना अगाडी सम्मको सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको कागजात।

**परीक्षाको किसिम** : लिखित र अन्तर्वार्ता।
**दरखास्त बुझाउनु पर्ने अन्तिम मिति** : २०७४/०७/०४ सम्म र दोब्बर दस्तुर तिरी २०७४/०७/११ सम्म।
**परीक्षा कार्यक्रम** : पछि प्रकाशित गरिने छ।
**परीक्षा केन्द्र** : काठमाडौं
**दरखास्त दस्तुर** :- देहाय बमोजिम लाग्ने छ :

| सि.नं. | पद/तह | दरखास्त दस्तुर | प्रत्येक समावेशी समूहको लागि थप |
|---|---|---|---|
| १ | अधिकृतस्तर तह ८ र ९ को लागि | रू.८००/- (आठ सय) | अधिकृतस्तर को लागि रू.२००/- ( दुई सय) |
| २ | अधिकृतस्तर तह ६ र ७ को लागि | रू.७००/- (सात सय) | र |
| ३ | सहायकस्तर तह ४ को लागि | रू.५००/- (पाँच सय) | सहायकस्तर को लागि रू.१००/- ( एक सय) |

सचिव
**पदपूर्ति समिति**